आज मिति २०७७ साल चैत्र २६ गते विहिबारको दिन कुश्मा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रामचन्द्र जोशीज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थीति तपसिल बमोजिम रहेको छ ।

उपस्थिती :

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | श्री रामचन्द्र जोशी | |
| सदस्य | श्री सीताकुमारी काफ्ले लामिछाने | |
| सदस्य | श्री देबेन्द्र प्रसाद सुवेदी | |
| सदस्य | श्री यदुनाथ शर्मा | |
| सदस्य | श्री तेजप्रसाद पाध्या | |
| सदस्य | श्री मिना कर्माचार्य | |
| सदस्य | श्री चित्रकला भारती शर्मा | |
| सदस्य | श्री रुद्र गिरी | |
| सदस्य | श्री सुवासचन्द्र पौडेल | |
| सदस्य | श्री राजकुमार क्षेत्री | |
| सदस्य | श्री कृष्ण प्रसाद लामिछाने | |
| सदस्य | श्री सुजन विक | |
| सदस्य | श्री शिवप्रसाद पौडेल | |
| सदस्य | श्री राजेन्द्र पौडेल | |
| सदस्य | श्री जंग बहादुर के.सी | |
| सदस्य | श्री भिम प्रसाद गुरुङ | |
| सदस्य | श्री डम्बर नेपाली | |
| सदस्य | श्री देबेन्द्र बहादुर नेपाली | |
| सदस्य | श्री तारादेवी सर्किनी | |
| सदस्य | श्री राधिका कुमारी शर्मा | |
| सदस्य | श्री सुमित्रा पौडेल | |
| सदस्य | श्री नन्दकला क्षेत्री | |
| सदस्य | श्री देवी नेपाली | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री कुमान सिंह गुरुङ | |

**निर्णय नं १ :**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लागत संकलन सम्बन्धी कार्यविधि २०७७को दफा ३ बमोजिमको सहजीकरण समितिको खण्ड घ बमोजिम कार्यपालिका सदस्य मध्येबाट एक दलित महिला सहित २ जना महिला सदस्यमा निम्न सदस्यहरु चयन गर्ने निर्णय गरियो ।

सदस्यहरु :

१. तारादेवी सर्किनी
२. राधिका कुमारी शर्मा

**निर्णय नं २ :**

आ.व २०७८/७९ का लागि गण्डकी प्रदेशको अन्तरसरकारी वित्त हस्तान्तरण गर्ने प्रयोजनका लागि समपुरक र बिशेष अनुदानमा निम्न योजनाहरु प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**समपुरक तर्फ :**

| क्र.स | योजनाको नाम | अनुदानको किसिम | कैफियत |
|---|---|---|---|
| १. | वडा नं २ कार्यालय भवन निर्माण | समपुरक | |
| २. | वडा नं ८ कार्यालय भवन निर्माण | समपुरक | |
| ३. | वडा नं ११ कार्यालय भवन निर्माण | समपुरक | |
| ४. | वडा नं १४ कार्यालय भवन निर्माण | | |
| ५. | वडा नं ३ कार्यालय भवन निर्माण | | |

**बिशेष अनुदान तर्फ :**

| क्र.स | योजनाको नाम | अनुदानको किसिम | कैफियत |
|---|---|---|---|
| १. | कुश्मा कल्लेरी सडक निर्माण | बिशेष | |
| २. | कुश्मा झाप्रेबगर साइकल चोक सडक निर्माण | बिशेष | |
| ३. | ठुलीपोखरी रोहोट्रे बिरौटा आर्थर सडक निर्माण | बिशेष | |
| ४. | दोविल्ला पकुवा गंगटे आर्थर सडक निर्माण | बिशेष | |

**निर्णय नं ३ :**

आ. २०७७/७८ का निम्न योजनाहरु विविध कारणले संचालंन गर्न नसकिएकोले निम्न शिर्षकमा रकमान्तर गरि अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | साविकको योजना | विनियोजन रकम | रकमान्तर भएको शिर्षक | रकमान्तर भएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | नगर पोर्टल निर्माण | 4500000 | पुँजीगत सुधार | 2500000 | संस्थागत विकास तथा सुशासन |
| 2 | प्रविधिमैत्री शिक्षाका लागि आधारभुत तहका 70 जना शिक्षकलाई अनुदानमा ल्याप्टप खरिद | 1700000 | पुँजीगत सुधार | 1700000 | शिक्षा तर्फको कार्यक्रम चालु |
| 3 | विपद उद्धार सामग्री खरिद | 500000 | पुँजीगत सुधार | 500000 | फोहोरमैला व्यवस्थापन तथा विपद कार्यक्रम पुजिगत |
| 4 | वन तथा वातावरण संरक्षण | 500000 | पुँजीगत सुधार | 500000 | |
| 5 | फोहोरमैला व्यवस्थापनका लागि भौतिक पूर्वाधार | 1200000 | पुँजीगत सुधार | 1200000 | |
| 6 | खेलकुद विकास | 1500000 | पुँजीगत सुधार | 1000000 | क्रिकेट,टेक्वान्डो,भलिवल,मेयरक प र राष्टपति सिल्ड कार्यक्रमबाट |
| 7 | नगरपालिकाको जोखिम संवेदनशिल नक्सा निर्माण | 1000000 | पुँजीगत सुधार | 1000000 | संस्थागत विकास तथा सुशासन |
| 8 | स्वीकृत कार्यविधि र कार्ययोजना बमोजिम बालमैत्री स्थानीय शासन सञ्चालन | 600000 | पुँजीगत सुधार | 600000 | महिला विकास कार्यक्रम चालु |
| **जम्मा** | | **11500000** | | **9000000** | |

**निर्णय नं ४ :**

यस कुश्मा नगरपालिकाको सातौ नगरसभा यहि मिति २०७८ बैशाख ९ गते बिहिबार पहिलो पटक कुश्मा बजार भन्दा बाहिर कुश्मा नगरपालिका वडा नं ३ दुर्लुङमा गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :**

यस कुश्मा नगरपालिकाको वडा नं ११ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा खरिदको सूचना प्रकाशन गरिएकोमा तोकिएको मितिमा एक वटा मात्र सूचना परेकोले सो प्रक्रिया पुरा नभएकोले रद्द गरि पुन ७ दिनको सूचना प्रकाशन गर्ने र आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गरि जग्गा खरिदका लागि जग्गा प्राप्ति ऐन २०३४ को दफा ३(क) बमोजिम स्वीकृत लिनुपर्ने भएकोले मन्त्रिपरिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :**

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यलाई प्रभावकारी तुल्याउन सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन (Strengthening Systems for Social protection and Civil Registration (SSSPCR) का लागि २ जना MIS Operator र एक जना Field Assistant नियुक्ति गरिएकोमा आगामी आ.व को लागि सेवा इकाईको तलव मध्ये एक चौमासिक बापत हुन आउने बजेट साझेदारीको लागि राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागबाट माग भएकोले साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :**

जिल्ला बालकल्याण समिति मार्फत प्राप्त हुने रकम सेफ हाउस निर्माण गर्न विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :**

कुश्मा नगरपालिका वडा नं ७ को वडा कार्यालय भवन निर्माणका लागि प्रारम्भिक अधिकृत तोकी अध्ययन सम्पन्न भएको र आवश्यक कागजात सहित जग्गा प्राप्ति ऐन २०३४ को दफा ३ (क) बमोजिम मन्त्रिपरिषदमा स्वीकृति लिनुपर्ने व्यवस्था भएकोमा मन्त्रिपरिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :**

कुश्मा नगरपालिका वडा नं ४, ५ र ६ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक जग्गा खरिदको लागि प्रारम्भिक अधिकृतको रुपमा कुश्मा नगरपालिकाका अधिकृत सातौ श्री धुर्बराज पौडेललाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं १० :**

कुश्मा नगरपालिकाको नगर शिक्षा ऐन २०७५ को दफा १२ बमोजिम गठन हुने शिक्षा अनुगमन समितिको खण्ड (ग) अन्तर्गत नगर सभाका सदस्यबाट कार्यपालिकाले तोक्ने १ जना सदस्यमा कुश्मा नगरपालिका वडा नं ६ का अध्यक्ष श्री रुद्र गिरीलाई सदस्यमा चयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ :**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधी २०७५ को दफा ४ को उपदफा १ संग सम्बन्धित लाभग्राही छनौटका आधारमा तयार गरिएको लाभग्राही सर्बेक्षण बिबरणमा कुश्मा नगरपालिकाको तर्फबाट १४३ जना लाभग्राहीको सुची पेश गर्ने निर्णय गरियो ।